आ.व. २०८१/०८२

बैठक संख्या ८

आज मिति २०८१/०९/२२ गते सोमवारका दिन दिँउसो १:०० बजे यस रामपुर नगर कार्यपालिकाको आठौ कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

CamScanner

## रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को आठौं कार्यपालिकाको बैठकका

### प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।
२. सोह्रौं नगर सभा संचालन सम्बन्धमा ।
३. भू-उपयोग जग्गा वर्गीकरण सम्बन्धमा ।
४. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) सम्बन्धमा ।
५. विविध

### निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०९/०९ गते बसेको सातौं कार्यपालिका बैठकको निर्णयहरुको देहायबमोजिको समिक्षा गरियो ।

१. रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ अन्तर्गत विनियोजन गरिएका योजनाहरुको हालसम्म योजनाहरुको कार्यान्वयनको प्रगति प्रतिवेदन सम्बन्धमा नगर उप-प्रमुख श्री बालकुमारी थापाज्यूबाट प्रस्तुतिकरण भएको र सो सम्बन्धमा छलफल गरिएको ।

२. यस रामपुर नगरपालिका नगरपालिका क्षेत्र भित्र भगवान रामसीताको मूर्ति स्थापनार्थ र रामपुर आकृति लेखनका लागि रामपुर नगरपालिका वडा नं. ५ को राम्चे क्षेत्रमा पूर्वमा भञ्याङ्ग चौपारी सम्म, पश्चिममा राम्चे सामुदायिक वन सम्म, उत्तरमा राम्चे वन क्षेत्र सम्म, दक्षिणमा राम्चे वन क्षेत्र सम्म यति चार किल्ला भित्र पर्ने जग्गाहरु मध्ये उत्तर तर्फ मोहोडा भएको रामपुरको अधिकांश स्थानबाट दृश्यावलोकन गर्न मिल्ने निजी जग्गा न्यूनतम ६ रोपनी सम्म निःशुल्क जग्गा उपलब्ध गराउने ईच्छुक जग्गाधनीहरु (दाताहरु) का लागि मिति २०८१/०८/२० गतेबाट १५ दिनका लागि सूचना प्रकाशन गरिएकोमा जग्गा धनी सुन्दर प्रसाद श्रेष्ठ र बालकृष्ण श्रेष्ठले कि.नं. ३०९ क्षेत्रफल (२-९-१-० बाट २-०-०-०-) को जग्गा रामपुर आकृति लेखनका लागि साथै डिल कुमारी बस्याल र विष्णु प्रसाद बस्यालले कि.न.. ३१२ र ३१३ दुवै कित्ताबाट (४-०-

०-०) उत्तर तर्फ  भगवान राम सीताको मूर्ति स्थापनार्थ निजी जग्गाहरु निशुल्क रुपमा उपलब्ध गराउने भनी तोकिएको समयभित्र आवश्यक कागजात सहित निवेदन पेश गरेको हुनाले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

३. ४ नं. वडा कार्यालयको च.नं. ६१६, प.सं. २०८१/०८२, मिति २०८१/०८/१० को पत्रानुसार वि.सं. २०३५ साल देखी साविक दर्छा गाँउपञ्चायत देखी सेवा दिईरहेको, मिति २०४६ साल पछि दर्छा गाँउ विकास समिति देखी सेवा दिईरहेको, मिति २०७१ साल देखी साविक रामपुर नगरपालिका वडा नं. ६ र हाल रामपुर नगरपालिका ४ नं वडा कार्यालयवाट सेवा दिईरहेको भवनको परिसरले चर्चेको कि.न. ४९१ क्षेत्रफल २-१०-०-० को जग्गामा ४ नं वडा कार्यालयको भवन निर्माणको लागि मिति २०८१/५/२० गते उक्त वडाको जनप्रतिनिधी, पूर्व जनप्रतिनिधि, वडाका राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, टोल विकास संस्थाका संयोजक तथा प्रतिनिधि एवं वडाका वृद्धिजिवी सरोकारवालाहरुको बैठकको निर्णय वमोजिम उक्त जग्गा वडा कार्यालयको नाममा हुने गरी आवश्यक प्रक्रियाको लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गरिएकोमा नियमानुसार उक्त प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. रामपुर साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाकञ Ref १७/२०८१/०८२, मिति २०८१/०८/२८ को पत्रानुसार उक्त संस्थाको स्तर वृद्धिका लागि नेपाल सरकार खानेपानी तथा ढल निकास व्यवस्थापन विभाग, सहलगानी खानेपानी तथा सरसफाई आयोजना व्यवस्थापन कार्यालयबाट खानेपानी Boring तथा Treatment Plant का लागि जग्गा उपलब्धताको प्रतिबद्धता पत्र माग भएको हुँदा रामपुर नगरपालिका वडा नं. ५ रामघाटमा रहेको अन्दाजी ६ रोपनी ऐलानी जग्गा नगरपालिकाबाट उपलब्ध गराईदिनुहुन भनि लेखि आएको हुँदा नियमानुसार उक्त प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५. यस रामपुर नगरपालिका वडा नं. ५ मा रहेको बरुणेश्वर महादेव मन्दिरका अध्यक्ष कृष्ण प्रसाद भण्डारीले उक्त मन्दिरको पोखरीमा ग्रेगर जम्मा भैरहेको र सो बगरको कारणले पोखरीको दुवै पट्टीको किनाराको खेत तथा मन्दिरमा समेत वर्षातमा विपद हुनसक्ने भएकोले सो बगर सफा गर्न अनुमिति दिनुहुन भनी उक्त मन्दिर समितिको निर्णय सहित मिति २०८१/०९/०८ गते निवेदन पेश गरेकोमा उक्त विषयमा छलफल हुँदा उक्त मन्दिर वरपर रहेकाले उक्त क्षेत्र सरसफाइका

CamScanner

लागि नदिजन्य सामाग्री परिमाणका आधारमा नगरपालिकामा राजश्व तिर्ने गरी सोही क्षेत्रमा पर्ने वडा कार्यालय, प्रहरी कार्यालय सँग समन्वय गर्ने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

६. आ.व. २०८१/०८२ अन्तर्गत विनियोजित कार्यक्रम नगर खेलकुद कार्यक्रम (मेयर कप लगाएत अन्य प्रशिक्षणमुलक कार्यक्रम) अन्तर्गत यस आ.व.मा अन्तरपालिका स्तरीय भलिवल प्रतियोगिता(महिला/पुरुष) संचालन गर्ने निर्णय गरियो । साथै संचालन बापत लाग्ने खर्च नगर खेलकुद कार्यक्रम (मेयर कप लगाएत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट कट्टा हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

७. रामपुर नगरपालिका वडा नं ३ यस नगरपालिका अन्तर्गत जनसंख्याको हिसावले पनि चाप भएको वडाहरुमध्येको वडा भएकोले उक्त वडामा रहेको वडा कार्यालयमा सेवाग्राहीको चाप अत्याधिक धेरै रहेको साथै स्वास्थ्य चौकीमा समेत बिरामीको अत्याधिक चाप रहेको छ तसर्थ स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित गर्ने अत्यन्त जरुरी देखिएकोले उक्त वडाको सानी अमराइमा रहेको शहरी स्वास्थ्य केन्द्र रजघराका लागि आफ्नो नाममा जग्गा नभएकोले ३ नं. वडा कार्यालयका नाममा दानपत्रको लिखत पारीत गर्न साविक दर्छा गा.वि.स. वडा नं. १ भई हाल रामपुर नगरपालिका वडा नं. ३ बस्ने प्रेम नारायण पराजुलीको छोरा दिपक पराजुलीको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक दर्छा गा.वि.स. वडा नं. १ भई हाल रा.न.पा.३ को कि.नं. ३३४४ को क्षेत्रफल २-३-०-० दोयम पाखो (आवसिय क्षेत्र) को जग्गा उत्तर पश्चिम तर्फ ०-४-२-५ जग्गा ३ नं. वडा कार्यालयको नाममा पास गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाइदिनुहुन भनी ३ नं. वडा कार्यालयको पत्र संख्या २०८१/०८२, च.नं. ६७६, मिति २०८१/०९/०७ गतेको पत्र प्राप्त भएको हुँदा आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

८. नेपालको संविधानको धारा ५७ को उपधारा (४) बमोजिम अनुसूची ८ को बुँदा नं. ४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) साथै लुम्बिनी प्रदेश मनोरञ्जन कर नियमावली, २०७६ बमोजिम चलचित्र घर, नाटकघर, भिडियोघर, थियटर, सर्कस, जादु, चटके, सांस्कृतिक प्रदर्शनी, व्यापार मेला,

CamScanner

दोहरी साँझ, डान्सबार, फन पार्क, वाटर गार्डेन, बाल उद्यान, केवल नेटवर्क र डिस टेलिभिजन साथै प्रवेश टिकट लिएर सञ्चालन गरिने मनोरञ्जनात्मक व्यवसायहरुले नगरपालिकासँग समन्वय गरी नियमानुसार मनोरञ्जन कर तिर्ने शर्तमा मात्र त्यस्ता व्यवसाय/कार्यक्रम संचालनका लागि अनुमति दिने निर्णय गरियो ।

९. माथि उल्लेखित लगायत अन्य विभिन्न विषयमा निर्णय गरिएको निर्णय गरियो ।

१०. SAPANA NIRMAN SEWA (P) LTD को मिति २०८१/०९/०७ गतेको पत्रानुसार उक्त प्रा.लि. र सडक विभाग, पुल महाशाखा, पुल सेक्टर पोखरा बिच सम्झौता भएको पुल निर्माण कार्य, ठेक्का नं. Design and Build of Kaligandaki River Bridge, Connecting Ariyale Chapkot NP १०, Syangja and Hosdi Rampur NP १०, Palpa, Syangja/Palpa Contract No. BBPCU-DB-३३७०११२२४-०७८/०७९-३१ को निर्माण कार्य संचालन भइरहेको हुदा उक्त पुल निर्माणको लागि आवश्यक पर्ने २०० घ.मी. ग्रावेल उपलब्ध गराइदिनुहुन भनी लेखि आएकोमा नदिजन्य सामाग्री परिमाणका आधारमा नगरपालिकामा राजश्व तिर्ने गरी सोही क्षेत्रमा पर्ने वडा कार्यालय, प्रहरी कार्यालय सँग समन्वय गर्ने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा IEE भएको ठेक्कामा नगएको वडा नं. १० को पानसय खोलाघाटबाट उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

११. यस रामपुर नगरपालिकाको स्रोत अनुमान तथा बजेट निर्धारण समितिको मिति २०८१/०९/०१ गते बसेको बैठकबाट प्राप्त हुन आएको आ.व. २०८२/०८३ को आय/व्यय प्रक्षेपण सम्बन्धी प्रतिवेदनका सम्बन्धमा छलफल गरियो साथै उक्त विवरण अर्थ मन्त्रालय, काठमाडौं र आर्थिक मामिला तथा योजना मन्त्रालय, देउखुरी दाङमा पठाइएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर नगरपालिका नगर सभाको १६ औ अधिवेशन मिति २०८१/०९/२५ गते नमस्ते होटल एण्ड रेष्टुरेण्ट, रा.न.पा-५ पाल्पामा हुन गइरहेकोमा उक्त नगर सभामा वडाबाट प्राप्त हुन आएका र नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका रकमान्तर, शिर्षकान्तर, विद्यायन संशोधन, LISA, FRA अंक पेश लगायत अन्य कार्यसूची सहित नगर सभाको १६ औ अधिवेशन संचालन गर्ने निर्णय गरियो ।

CamScanner

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा चलनचल्तीमा रहेका तर नगर यातायात गुरुयोजना (MTMP) मा समावेश नभएका बाटोहरुको विवरण वडाहरुबाट यथाशिघ्र उपलब्ध गराउने साथै भू-उपयोग जग्गा वर्गीकरण सम्बन्धमा वडामा गई छलफल र अन्तरक्रिया मार्फत कार्य अगाडी बढाउने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिकाले आ.व २०८०/०८१ मा सम्पादन गरेका काम कारवाहीलाई व्यवस्थित, योजनावद्ध, प्रभावकारी, जनताले अनुभूत गर्ने अवस्थाको श्रृजना गर्ने/गराउने प्रयोजनका लागि स्थानीय तह संस्थागत क्षमता स्व-मूल्यांकन कार्यविधि, २०७७ (Local Government Institutional Capacity Self-Assessment (LISA)) जारी भई कार्यान्वयनमा आएको हुँदा उक्त कार्यविधिमा उल्लेखित विषयबस्तुमा क्षेत्रगतरुपमा नगरपालिकाले सम्पादन गरेका कार्यहरुको स्व-मूल्यांकन गर्ने व्यवस्था अनुसार रामपुर नगरपालिकाबाट सम्पादित कार्यहरुको समिक्षा गर्दा तपसिल बमोजिमको विवरण भएको पाइयो। साथै आवश्यक निर्णयका लागि जिल्ला समन्वय समितिमा पृष्ठपोषणका लागि ८६.५ अंक पठाउने र अन्तिम निर्णय प्राप्त पश्चात नतिजा सार्वजनिक गर्ने र आगामी दिनमा विभिन्न क्षेत्रहरुमा थप सुधारहरु गर्दै सेवा प्रवाह प्रभावकारी गर्दै जाने निर्णय गरियो।

तपसिल:

| क्र.स | विषय क्षेत्र | अङ्क भार | प्राप्तङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८ | |
| २ | संगठन तथा प्रशासन | ८ | ७.२५ | |
| ३ | बार्षिक बजेट तथा योजना व्यस्थापन | ११ | ८.५ | |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ९.२५ | |
| ५ | सार्वजनिक सेवा प्रवाह | १६ | १५ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ | |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५ | |
| ८ | सामाजिक समावेशीकरण | १० | ९ | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ६ | |
| १० | सहकार्य र समन्वन | ६ | ६ | |
| | कुल जम्मा | १०० | ८६.५ | |

५. निर्णय नं. ५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिकाले आ.व २०८०/०८१ मा सम्पादन गरेका कामकारवाहीको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउनका लागि स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी त्यसको लेखाजोखाको माध्यमबाट नगरपालिकाको वित्तीय सुशासनलाई संस्थागत गर्न वान्छनीय भएकोले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम जिल्ला समन्वय समितिमा पृष्ठपोषणका लागि ८५ अंक पठाउने र अन्तिम निर्णय प्राप्त पश्चात नतिजा सार्वजनिक गर्ने र आगामी दिनमा विभिन्न क्षेत्रहरुमा थप सुधारहरु गर्दै सेवा प्रवाह प्रभावकारी गर्दै जाने निर्णय गरियो।

६. निर्णय नं. ६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामपुर नगरपालिका, रोजगार सेवा केन्द्रद्धारा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका विभिन्न योजनाहरुमा काम गर्ने श्रमिकहरुको खाता लक्ष्मी सनराइज बैंक, रामपुर, पाल्पामा खोल्ने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगर क्षेत्रभित्रका प्रत्येक घरधुरीहरु, विद्यालयहरु, संघसंस्थाहरु खानेपानी, सरसफाई र स्वच्छताको वर्तमान अवस्था पहिचान गर्दै खानेपानी, सरसफाई र स्वच्छतामा अझ गुणस्तरीयता ल्याउनका लागि योजना, रणनीति आवश्यक हुने हुँदा यस नगरपालिकाको स्थानीय तह खानेपानी, सरसफाई, स्वच्छता(वास) योजना बनाउन अति आवश्यक रहेकोले उक्त योजना बनाउने सम्बन्धमा खानेपानी सम्बन्धी सम्बन्धित संघीय तथा प्रदेशका मन्त्रालयमा जानकारी गराउने निर्णय गरियो ।

८.निर्णय नं. ८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा Sahoyogi Contracting and Trading Company Rampur-5 को प्रो. विजय श्रेष्ठले सहरी बिकास कार्यालय तानसेन, पाल्पाबाट खोलिएको ठेक्का ब्यास बस पार्क सडक स्तरउन्नती योजनामा ३०० घ.मि. Subbase माग गरेकोमा यस रामपुर नगरपालिकाको आठौं कार्यपालिकाको बैठकमा छलफल हुदाँ यस कार्यलयमा नियम अनुसार राजश्व बुझाउने गरी यस नगरपालिकाको नगर प्रहरीको निगरानीमा प्रारम्मीक वातावणीय अध्ययन (IEE) भएको वडा नं. ७ मा रहेको नाम्ले खोला घाटबाट उक्त कार्य गर्न अनुमती दिने निर्णय गरियो।

९. निर्णय नं. ९, प्रस्ताव नं. ५ माथि छलफल गर्दा साईबाबा कन्सट्रकसन प्रा.लि.को रामपुर नगरपालिका-५, पाल्पाले मिति २०८१/०६/२१ को पत्रानुसार यस नगरपालिकाबाट खुलाएको ठेक्का नं. RMO/WORK/NCB/19/080/081 को सदावर्त बाङ्गेपसल बेझाड खेत डुम्रीगाउँ बिजयपुर मो.बा. मर्मत योजनाको लागि सब बेस आवश्यक परेको हुदा ९० घन मिटर सब बेस रामपुर नगरपालिकाको वडा नं. ७ मा रहेको नाम्ले खोलाको गिटि उपलब्ध गराइदिनुहुन भनि लेखि आएको हुदा यस कार्यपालिकाको बैठकमा छलफल हुदा यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरि उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८१/०९/०७ गतेको श्री गजिन्द्र/बिबेक एण्ड कुबेर बिल्डर्सको पत्र अनुसार रामपुर नगपालिकामा क्षेत्रभित्र संचालन हुने योजना शहरी बिकास तथा भवन कार्यालय, तानसेन पाल्पासंग सम्झौता भएको ठेक्का नं. **UDBOP-NCB-080-081-36** को **Rural Development & Small City Infrastructure Construction Works, Palpa**. को निर्माण कार्य गर्न आवश्यक निर्माण सामाग्री ग्रावेल, वालुवा ३००० घ.मी. माग गरेको हुँदा प्रारम्भिक वातावरणीय अध्ययन(**IEE**) भएको खयरबोटघाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(**IEE**) प्रतिवेदनको बिषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक बिकास निर्माणको लागि हेभी मेसिन प्रयोग गर्नुपर्ने भएकोले यस कार्यपालिकाको बैठकमा छलफल हुदा यस कार्यालयमा नियमानुसार राजश्व तिर्ने गरि उक्त घाटबाट नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

CamScanner

११. निर्णय नं. ११, प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रस्तुत विषयमा यस रामपुर नगरपालिका र कोड फ्युजन टेक्नोलोजिज प्रा.लि. बीच २०८१/०९/०२ गते कर्मचारी सूचना व्यवस्थापन प्रणाली सम्झौता गरी मिति २०८१/०९/०३ गते १ महिनाका लागि कायदिश दिइएको तर उक्त प्रा.लि.ले उक्त समयमा काम सम्पन्न गरेतापनी प्रणाली निर्माण तथा सञ्चालन सम्बन्धी कार्य विविध कारणले सम्पन्न गर्न नसकिने जस्तो देखिएको तथा प्रणालीमा आवश्यकता अनुसार अतिरिक्त विशेषताहरु तथा प्रणाली कस्टमाईजको कार्य बाँकी रहेकोले मिति २०८१/१०/०३ गते देखि २०८१/१०/१० गते सम्म ७ दिन म्याद थप गरिदिनुहुन भनी मिति २०८१/०९/२० गते निवेदन पेश गरेकोमा उक्त विषयमा कार्यपालिका बैठकमा छलफल हुँदा ७ दिनको लागि म्याद थप गरी मिति २०८१/१०/१० गते सम्म सम्पन्न गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री आवश्यक भएको भनी विभिन्न निर्माण व्यवसायी, उपभोक्ता समितिले नदीजन्य सामग्री माग गर्दा कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी इलाका प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय, सम्बन्धित वडा कार्यालय, नगर प्रहरीको निगारानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको घाटबाट उक्त कार्य गर्न अनुमति दिने गरिएकोमा उक्त कार्यका लागि यस कार्यालयबाट खटिने नगर प्रहरीलाई खटिएको दिनको रु ५००/-(पाँच सय) उपलब्ध गराउने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ५ माथि छलफल गर्दाश्री कृष्णादेवी माध्यमिक विद्यालय, रामपुर-२ पाल्पाको च.नं. ३५, पत्र संख्या २०८१/०८२, मिति २०८१/०९/१७ गतेको पत्रानुसार उक्त विद्यालयको भवन रहेको स्थलको पश्चिमतर्फ कालीगण्डकी कोरिडोर सडकबाट निकास गरिएको नालीको भलको कारण पहिरो गई विद्यालयलाई क्षति हुने भएकोले उक्त पहिरो व्यवस्थापनको लागि जिल्ला भू तथा जलधार व्यवस्थापन कार्यालय, तानसेन, पाल्पामा सिफारिस गरिदिनुहुन साथै आवश्यक साझेदारी समेत गरिदिनुहुन भनी लेखी आएकोले उक्त कार्य गर्नका लागि लागि रु १,५०,०००/- (रु एक लाख पचास हजार ) लगानी गर्ने गरी साझेदारी गर्ने निर्णय गरियो ।

CamScanner

१४. निर्णय नं. १४, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. १० स्थित भर्दौरे आँप भरलेनी खोल्सी मो.बा. स्तरोन्नती कार्यका लागि नगरस्तरीय मर्मत र सम्भार खर्च शीर्षकबाट रु २,००,०००/-(रु दुई लाख) उपलब्ध गराउने गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

१५. निर्णय नं. १५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामपुर नगरपालिका र Cripty Innovation Technology Pvt. Ltd, Pokhara-08, Kaski बिच मिति २०८१/०७/२८ गते रामपुर नगरपालिकाको भू-उपयोग वर्गीकरण गर्नका लागि ६० दिन भित्रमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा सर्वे, तथ्यांक संकलन, जन प्रतिनिधि तथा सरोकारवाला सँगको बैठक तथा प्रारम्भिक वर्गिकरणको कार्य सम्पन्न भएको र वर्गीकृत जग्गा उपर फेरबदल गरिदिने सम्बन्धी निवेदन माग, निवेदन उपर कारबाही, नापी विभाग र वर्गीकृत कित्ता को चेक जाँच, सर्वसाधारण तथा सरोकारवालाहरु संग को अन्तिम छलफल र अन्तिम प्रतिवेदन निर्माण तथा हस्तान्तरण जस्ता संवेदनशील र महत्वपूर्ण कार्य बाँकि रहेकाले थप ३ महिना म्याद थप गरिदिनुहुन भनि मिति २०८१/०९/११ गते निवेदन पेश गरेकोमा उक्त विषयमा कार्यपालिका बैठकमा छलफल गर्दा थप ३ महिना म्याद थप गर्ने निर्णय गरियो ।

Shagun